सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक २५० ♦ २०८३ साल जेष्ठ ११ सोमवार ♦ 25 May 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## मधेस सरकारमा निर्णायक नेकपाको 'बार्गेनिङ'

**खबर दर्पण समाचारदाता**

**जेष्ठ १० गते, बर्दिवास**

मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले गएको शुक्रबार मात्रै विश्वासको मत लिएका हुन् । गत वैशाख २३ गते जनमत पार्टीले सरकारबाट सर्मथन फिर्ता लिएपछि मुख्यमन्त्री यादवले संवैधानिक व्यवस्थाअनुसार विश्वासको मत लिएका हुन् ।

जनमतले सरकारबाट सर्मथन फिर्ता लिएपछि मधेस प्रदेश सर कारको सत्तासमीकरण पनि बदलिएको छ। नेपाली कांग्रेसको नेतृत्वमा रहेको मधेस सरकार लाई नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) समर्थन गरेको छ ।

तर, मधेस प्रदेश सरकार पुनः संकटमा पर्ने संकेत देखिन थालेको छ । मन्त्रालय बाँडफाँटमा सत्तासाझेदार दलबीच कुरा नमिल्दा सरकार संकटमा पर्ने संकेत देखिन थालेको नेकपाका एक प्रदेश सांसदले जानकारी दिए ।

उनका अनुसार, वर्तमान सर कारमा निर्णायक रहेका नेकपाले मन्त्रिपरिषद् विस्तारमा असन्तुष्टि जनाएका छन् । सोहीकारण हालसम्म मन्त्रिपरि षद् विस्तार हुन सकेको छैन । नेकपाले मुख्यमन्त्री यादवसँग अर्थ मन्त्रालय माग गरिरहेको छ । तर, मुख्यमन्त्री यादवसँगै सत्ता साझेदार दल नेकपा ( एमाले) अर्थ मन्त्रालय नेकपालाई दिन तयार छैनन् । अर्थ नपाए नेकपा प्रतिपक्षी दलसँग सरकार बनाउने तयारीमा छ ।

यस विषयमा मुख्यमन्त्री यादवसँग छलफल भए पछि सहमति हुन नसकेको नेकपाका एक सांसदले बताए । सहमति नभएपछि प्रतिपक्ष दलसँग मिलेर आफ्नै नेतृत्वमा सरकार बनाउने तयारी रहेको ती सांसदले सुनाए । अहिले नेकपा तीन मन्त्रालयसहित सरकारमा सहभागी छ ।

गएको शुक्रबार मुख्यमन्त्री यादवले मधेस प्रदेशसभाबाट विश्वासका मत प्राप्त गरेका थिए । गएको बिहीबार नै सत्ता साझेदार दल जनता समाजवादी पार्टी (जसपा) नेपालले समर्थन फिर्ता लिएपछि नेकपा एमालेलाई सरकारमा भित्र्याएका थिए । मुख्यमन्त्री यादवले कांग्रेस, नेकपा एमाले र नेकपा गठबन्धनको सरकार बनाएको थियो ।

## बर्दिवासका भूमिहीन ऐलानी तथा अव्यवस्थित बसोवासीको समस्या समाधानको माग गर्दै मुख्यमन्त्रीलाई ज्ञापनपत्र



**खबर दर्पण समाचारदाता**

**जेष्ठ १० गते, बर्दिवास**

महोत्तरीको बर्दिवास नगर पालिका क्षेत्रभित्रका भूमिहीन ऐलानी तथा अव्यवस्थित बसोवासीहरुले आफ्नो भूमि सम्बन्धी समस्या समाधानको माग गर्दै मधेश प्रदेश सरकार को ध्यानाकर्षण गराएका छन्।

बर्दिवास नगरपालिकाका नगर प्रमुख प्रह्लाद कुमार क्षेत्रीको नेतृत्वमा आइतबार पिडित नागरिक सहितको एक प्रतिनिधिमण्डलले मधेश प्रदेशका मुख्यमन्त्री कृष्ण प्रसाद यादव लाई उनकै निवासमा पुगेर ज्ञापनपत्र बुझाएको हो।

ज्ञापनपत्रमार्फत बर्दिवास नगर पालिका क्षेत्रभित्र लामो समयदेखि बसोबास गर्दै आएका भूमिहीन ऐलानी तथा अव्यवस्थित बसोवासीको जग्गा व्यवस्थापन, लालपुर्जा वितरण तथा स्थायी बसोबासको सुनिश्चितताका लागि प्रदेश सरकारको विशेष पहलकदमी आवश्यक रहेको उल्लेख गरिएको छ। स्थानीयवासीले वर्षौंदेखि बसोबास गर्दै आए पनि कानुनी स्वामित्व नहुँदा विभिन्न समस्या भोग्नुपरेको भन्दै त्यसको शीघ्र समाधान गर्न माग गरिएको जनाइएको छ।

यस क्रममा नगरप्रमुख क्षेत्रीले भूमिहीन तथा अव्यवस्थित बसोवासीको समस्या बर्दिवास क्षेत्रमा पुस्तौंदेखि कायम रहँदै आएको र यो सामाजिक न्यायसँग प्रत्यक्ष जोडिएको विषय भएको बताएका छन्। उनले यसको दीर्घकालीन समाधानका लागि प्रदेश सरकार तथा सम्बन्धित निकायसँग समन्वय गरेर नागरिकको समस्या यथा शिघ्र समाधान गर्न नगरपालिका प्रतिबद्ध रहेको धारणा राखेको बुझिएको छ।

ज्ञापनपत्र बुझ्दै मुख्यमन्त्री यादवले नागरिकका जायज मागप्रति प्रदेश सरकार संवेदनशील रहेको उल्लेख गर्दै सम्बन्धित विषयमा आवश्यक अध्ययन, समन्वय तथा पहल गरिने विश्वास दिलाएको जनाइएको छ।

बर्दिवास नगरपालिका क्षेत्रभित्र रहेका भूमिहीन ऐलानी तथा अव्यवस्थित बसोवासीले लामो समयदेखि जग्गाको स्वामित्व, बसोबासको वैधानिकता तथा आधारभूत सेवासुविधामा सहज पहुँच सुनिश्चित गर्न माग गर्दै आएका छन्।

ज्ञापनपत्र बुझाउन गएको टोलीमा बर्दिवास नगरपालिका वडा नं. ३ का वडाध्यक्ष बिराट कुमार बिष्ट, वडा नं. १४ का वडाध्यक्ष विजय कुमार महतो, सामुदायिक विकास तथा पैरवी मञ्च बर्दिवासका अध्यक्ष नागदेव यादव, स्थानीय पीडित पक्ष, सञ्चारकर्मी तथा अन्य सरोकारवालाको उपस्थिति रहेको थियो।

शिरीष संचार समूह

नयाँ वर्ष २०८३ को हार्दिक मंगलमय शुभकामना

खबर दर्पण राष्ट्रिय दैनिक | शिरीष खबरपत्रिका साप्ताहिक | शिरीष न्युज | Radio Rupantaran परिवर्तनकालागि १०६.३ Mhz

नयाँ वर्ष २०८३ को सुखद अवसरमा हाम्रो संचार संस्थाहरु पत्रिका, अनलाईन र रेडियो बाट एकै साथ प्रकाशन प्रसारण हुने गरी विज्ञापनमा विशेष प्याकेज सहित अत्यधिक छुटमा विभिन्न विज्ञापनको योजनाहरु लागु गरिएको हुँदा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८०४८५२६९६, ९८४४०७२८५९, ९८४४०३९८५६

# बर्दिवासमा गुड्यो जगन्नाथको दिव्य रथ

खबर दर्पण समाचारदाता
**जेष्ठ १० गते, बर्दिवास**

महोत्तरीको बर्दिवास आइतबार बिहानैदेखि असाधारण धार्मिक ऊर्जा र भक्तिमय वातावरणले भरिएको थियो। सामान्य दिनभैँ देखिने बजार, सडक र चौतारीहरू यस दिन भजन, कीर्तन, जयघोष र श्रद्धालुहरूको उपस्थितिले उत्सवस्थलमा परिणत भएका थिए। शहरको मुटु हुँदै अघि बढिरहेको भगवान जगन्नाथको भव्य रथले बर्दिवासलाई केवल धार्मिक रंगमा मात्रै होइन, सामुदायिक उत्साह र सांस्कृतिक एकताको भावनाले पनि रंगायो।

हिन्दु धार्मिक संस्था स्कुन बर्दिवासको आयोजनामा सम्पन्न भगवान जगन्नाथको भव्य तथा दिव्य रथयात्राले बर्दिवास नगर क्षेत्रलाई दिनभर धार्मिक उल्लासले भरिपूर्ण बनाएको हो। धार्मिक आस्था, सांस्कृतिक पहिचान र सामुदायिक सहभागिताको अद्भुत संगम बनेको यो रथयात्रा बर्दिवासमै पहिलोपटक यति ठूलो र व्यवस्थित स्वरूपमा आयोजना गरिएको भन्दै स्थानीयवासीले विशेष उत्साह व्यक्त गरेका छन्। रथयात्राको उद्घाटन महोत्तरी क्षेत्र नम्बर-१ का प्रतिनिधिसभा सदस्य प्रमोद कुमार महतो, बर्दिवास नगरपालिकाका नगर प्रमुख प्रह्लाद कुमार क्षेत्री तथा वडा नम्बर-१४ का अध्यक्ष विजय कुमार महतोले संयुक्त रूपमा रथ तानेर गरेका थिए। उद्घाटनको क्षण विशेष भावनात्मक देखिन्थ्यो–एकातर्फ धार्मिक श्रद्धाले ओतप्रोत भक्तजन, अर्कोतर्फ स्थानीय नेतृत्व स्वयं रथ तानेर सहभागी हुँदा उपस्थित जनसमुदायमा थप उत्साह देखिएको थियो।

नगरप्रमुख स्वयं रथको डोरी समातेर सहभागी बनेपछि यस कार्यक्रमलाई केवल धार्मिक अनुष्ठान नभई सामाजिक र सांस्कृतिक महत्वको उत्सवका रूपमा हेरिएको अनुभव गर्न सकिन्थ्यो। आयोजक पक्षले पनि यो रथयात्रा धार्मिक सहिष्णुता, सांस्कृतिक संरक्षण तथा सामाजिक एकताको सन्देश दिने उद्देश्यले आयोजना गरिएको जनाएको छ।

स्कुन बर्दिवासका अनुसार रथमा भगवान श्री श्री जगन्नाथ बाबा, बलदेव बाबा तथा सुभद्रा महारानी विराजमान थिए। विशेष धार्मिक प्रतीकका रूपमा निर्माण गरिएको रथ १५ फिट अग्लो, १० फिट चौडाइ तथा करिब ३० फिट लम्बाइको रहेको थियो। रथसँग जोडिएको करिब २ सय फिट लामो डोरी श्रद्धालुहरूको सामूहिक सहभागिताको केन्द्र बनेको थियो।

डोरी तान्दै अघि बढिरहेका वृद्धदेखि युवा, महिला, बालबालिका र विभिन्न समुदायका श्रद्धालुहरूको दृश्यले बर्दिवासको सडकलाई एक धार्मिक पर्वस्थलको रूप दिएको थियो। कतै मादलको तालमा भक्तिगीत गुञ्जिरहेका थिए, कतै "जय जगन्नाथ" का नाराले वातावरण गुञ्जायमान थियो। श्रद्धालुहरू नाचगान गर्दै, भजन गाउँदै र हात जोडेर रथलाई स्वागत गर्दै अघि बढिरहेका देखिन्थे।

सामूहिक रूपमा रथ तान्ने परम्परालाई हिन्दु धार्मिक विश्वासमा केवल धार्मिक अभ्यास मात्र होइन, समानता, सहकार्य र सामाजिक एकताको प्रतीकका रूपमा पनि व्याख्या गरिन्छ। यही कारण रथयात्राले मानिसहरूलाई जात, वर्ग, आर्थिक अवस्था वा सामाजिक विभाजनभन्दा माथि उठेर एउटै श्रद्धा र विश्वासमा जोड्ने माध्यमको काम गरेको अनुभूति स्थानीयले गरेका छन्।



बर्दिवास-१४ स्थित स्कुन आश्रम प्राङ्गणबाट सुरु भएको रथयात्रा गौतम होटल हुँदै बर्दिवास-१ स्थित राधाकृष्ण मन्दिर, देउराली माध्यमिक विद्यालय, बर्दिवास चोक, सिन्धुली रोड, जनता बहुमुखी क्याम्पस तथा औरही रोड पार गर्दै पुनः स्कुन आश्रममै पुगेर सम्पन्न भएको थियो।

यात्रा मार्गभर श्रद्धालुहरूको उल्लेख्य उपस्थिति थियो। कतिपय स्थानीयले आफ्ना घर अगाडि उभिएर रथलाई नमन गरे, कतिपयले फूल वर्षा गरे भने कतिपयले सडक किनारमै दीप, प्रसाद र पूजा सामग्रीसहित धार्मिक स्वागत जनाएका थिए। सामान्यतया सवारी चाप र व्यापारिक गतिविधिले व्यस्त रहने बजार क्षेत्र यस दिन भक्ति, संगीत र धार्मिक उल्लासको केन्द्रमा रूपान्तरण भएको देखिन्थ्यो।

स्कुन बर्दिवास आश्रमका अनुसार भगवान जगन्नाथजीको रथयात्रा विशेषगरी भारतको उडिसा राज्यमा अत्यन्त महत्वका साथ आयोजना हुँदै आएको धार्मिक परम्परा हो। हिन्दु धर्मावलम्बीहरूका लागि यो केवल एउटा पर्व नभई भगवान स्वयं भक्तजनमाझ पुग्ने विशेष अवसरको रूपमा लिइन्छ।

तर सबै श्रद्धालुहरू आर्थिक, भौगोलिक वा अन्य कारणले उडिसा पुग्न नसक्ने भएकाले बर्दिवासमै रथयात्राको धार्मिक अनुभूति दिलाउने, यसको ऐतिहासिक तथा आध्यात्मिक महत्वबारे जानकारी गराउने र स्थानीयस्तरमै धार्मिक चेतना विस्तार गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको आयोजकको भनाइ छ।

धार्मिक मान्यता अनुसार भगवान जगन्नाथ स्वयं रथमा विराजमान भई भक्तजनमाझ पुग्दा धार्मिक ऊर्जा, सकारात्मक सोच तथा आध्यात्मिक चेतनाको प्रसार हुने विश्वास गरिन्छ। यही आस्थाले प्रेरित भएर हजारौं श्रद्धालु सामूहिक रूपमा रथ तान्न सहभागी भएको देखिन्थ्यो।

आयोजकका अनुसार रथयात्रामा नेपालका विभिन्न जिल्लाका साथै छिमेकी मुलुक भारतबाट समेत श्रद्धालु भक्तजन सहभागी भएका थिए। यसले कार्यक्रमलाई स्थानीय धार्मिक गतिविधिभन्दा फराकिलो सांस्कृतिक स्वरूप दिएको देखिन्छ।

स्थानीयवासीहरूका अनुसार यस्ता गतिविधिले बर्दिवासलाई धार्मिक पर्यटनको सम्भावनायुक्त गन्तव्यका रूपमा चिनाउन सहयोग पुग्न सक्छ। पछिल्ला वर्षहरूमा धार्मिक, सांस्कृतिक तथा सामुदायिक कार्यक्रमहरू विस्तार भइरहेका बेला जगन्नाथ रथयात्राले बर्दिवासलाई नयाँ धार्मिक पहिचान दिन सक्ने अपेक्षा गरिएको छ।

धार्मिक कार्यक्रमहरूलाई कतिपयले केवल पूजा-पाठ वा संस्कारसँग जोडेर हेर्ने गर्छन्। तर बर्दिवासमा सम्पन्न यो रथयात्राले सामाजिक सम्बन्ध, सामुदायिक सहभागिता र सांस्कृतिक निरन्तरताको पक्षलाई पनि बलियो बनाएको अनुभूति धेरैमा देखिन्थ्यो।

एउटै डोरीमा सयौँ हात जोडिनु, एउटै जयघोषमा हजारौँ आवाज मिसिनु र एउटै विश्वासमा समुदाय एकत्रित हुनु आफैँमा सामाजिक समरसताको सशक्त संकेत हो। त्यसैले बर्दिवासमै पहिलोपटक यति भव्य स्वरूपमा सम्पन्न भएको भगवान जगन्नाथ रथयात्राले केवल धार्मिक चेतना अभिवृद्धि मात्रै नगरी समुदायबीच आपसी सम्बन्ध सुदृढ बनाउने आधारसमेत तयार गरेको विश्वास गरिएको छ।

बर्दिवासको सडकमा गुडेको त्यो रथ केवल काठ, डोरी र सजावटले बनेको संरचना मात्र थिएन–त्यो आस्था, विश्वास, संस्कृति र सामूहिक एकताको चलायमान प्रतीक बनेर नगरवासीको स्मृतिमा बस्ने एउटा ऐतिहासिक दिनको साक्षी पनि बन्यो।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछ्रार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# धनुषाः सामुदायिक विद्यालयबाट महिला क्रिकेटको उदाउँदो शक्ति

दिवेश कुमार महतो

**जेष्ठ १० गते, ढल्केवर**



सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूले सामान्यतया त्यति धेरै एक्सपोजर पाउँदैनन् होला, तर धनुषाको नक्टाझिजस्थित रहेको जनता माध्यमिक विद्यालयमा अध्ययनरत महिला विद्यार्थीहरूले भने जिल्लाकै महिला क्रिकेट टिमलाई नेतृत्व गरिरहेका छन्। मधेस प्रदेशको राजधानी जनकपुरधामको उत्तरी भेगमा पर्ने मिथिला नगरपालिका-२, नक्टाझिजस्थित रहेको जनता माध्यमिक विद्यालयमा अध्ययनरत छात्राहरूमध्ये ११ जना छात्रा धनुषा जिल्ला महिला क्रिकेट टिममा आबद्ध छन्। हालै जनकपुरधाममा सम्पन्न भएको सहिद कप महिला लिग प्रतियोगिता-२०८३ मा धनुषा जिल्ला महिला क्रिकेट टिममा रहेका अधिकांश खेलाडी यही विद्यालयका थिए। सामान्यतया सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूले खासै एक्सपोजर पाउँदैनन्, अवसर पनि कमै पाउँछन्। तर नक्टाझिजको यस सामुदायिक विद्यालयमा क्रिकेट खेलाडी मात्र नभई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा खेलिसकेका हक्की खेलाडीहरू पनि उत्तिकै छन्।

मधेसमा महिलाहरू खेलकुदका लागि बाहिर बिरलै जान पाउँछन्। बाहिरी कानुनभन्दा पनि समाजका रीतिरिवाज, परम्परा, घरपरिवारभित्रका आन्तरिक नियम, पारिवारिक बन्धन लगायतका कारणले मधेसका महिलाहरू खेलतर्फ कमै आकर्षित हुने गरेका छन्। तर अहिले अवस्था फेरिएको छ। अब मधेसका महिलाहरू खेल क्षेत्रमा धेरै अगाडि बढिसकेका छन्। राष्ट्रिय सिनियर टिमकी उपकप्तान समेत रहेकी पुजा महतोको अविश्वसनीय प्रदर्शनले मधेसका छोरीहरू क्रिकेटतर्फ आकषिर्त भएका छन्। खेलाडीहरूको जीवनमा कुनै न कुनै खेलाडी प्रेरणाको स्रोत हुन्छन्, तर मधेसका अधिकांश महिला खेलाडीहरूको प्रेरणाको स्रोत भने पूजा महतो नै बनेकी छन्।

धनुषाको जनता माध्यमिक विद्यालय, नक्टाझिजमा महिला विद्यार्थीहरूलाई क्रिकेटतर्फ प्रोत्साहन गर्न मधेस प्रदेश महिला क्रिकेट टिमकी सदस्य रोजी कडारी को नाम पहिलो नम्बरमा आउँछ। उनले नै खेलाडीहरूलाई एकीकृत गरेर उक्त विद्यालयका विद्यार्थीहरूलाई क्रिकेट खेल्न सिकाएकी हुन्। बिना पारिश्रमिक उनी दैनिक रूपमा बिहान र साँझ ढल्केवरबाट करिब ५ किलोमिटर टाढा रहेको नक्टाझिजको खेलमैदानमा क्रिकेट प्रशिक्षण दिन आउने गर्छिन्।

उनी आफु राष्ट्रिय टिमको ढोका खोल्न नपाएपनि,आफुले सिकाएको खेलाडीहरु एक न एकदिन राष्ट्रिय टिममा छनौट हुने आत्मविश्वास उनमा छ । उनका अनुसार "आफूले स्रोत-साधनको अभाव र उचित अभ्यासको कमीका बाबजुद खेल्नुपरेको बताइन्। "म आफैं प्रादेशिक टिमसम्मको यात्रा गर्न सफल भएँ, तर यी नानीबाबुहरूलाई आफूभन्दा राम्रो खेलाडी बनाएर राष्ट्रिय टिममा छनोट गराउने लक्ष्य राखेकी छु," उनले भनिन्।

उनले थपिन्, "हालै जनकपुर धाममा सम्पन्न सहिद कपमा खेल्न पाउँदा सबै खेलाडी निकै खुसी छन्। उनीहरूका लागि यो एकदमै नयाँ अवसर थियो। बिस्तारै खेल्दै जाँदा खेलले मनोरञ्जनसँगै शारीरिक तथा मानसिक विकासमा पनि टेवा पुग्नेमा म विश्वस्त छु।"

"रोजीले हाम्रा विद्यार्थीहरूलाई खेल मात्र सिकाएकी छैनन्, खेलाडी र विद्यार्थीमा हुनुपर्ने अनुशासन र विनम्रता पनि सिकाएकी छन्," जनता माध्यमिक विद्यालय नक्टाझिजका प्रधानाध्यापक श्याम कुमार यादव बताउँछन्। विधालयले प्रत्येक वर्ष स्पोट्र्स विक्क गराएर खेलाडीहरुलाई खेल तर्फ प्रोत्साहन गर्ने गरेको यादव बताउँछन्। विधालयमा खेलमैदान को उचित व्यवस्थापन नभएर खेलाडीहरुलाई समस्या भएको बताउनुभयो।

नक्टाझिजको जनता माध्यमिक विद्यालयले देखाएको यो उदाहरण केवल क्रिकेटको सफलताको कथा मात्र होइन, मधेसमा महिलाको बदलिँदो सोच र सम्भावनाको संकेत पनि हो। सीमित स्रोत - साधन, सामाजिक बन्धन र अवसरको अभावका बीच पनि यहाँका छात्राहरूले मेहनत, अनुशासन र आत्मविश्वासका बलमा जिल्लास्तरीय टिमसम्मको यात्रा तय गरेका छन्। रोजी कडारी जस्ता समर्पित प्रशिक्षक र विद्यालयको निरन्तर प्रोत्साहनले यी खेलाडीहरूको भविष्य अझ उज्यालो बन्ने आशा बढाएको छ। उचित खेलमैदान, प्रशिक्षण र अवसरको व्यवस्था गर्न सकिए सामुदायिक विद्यालयबाटै राष्ट्रिय स्तरका महिला खेलाडी उत्पादन हुन सक्ने सम्भावना यो विद्यालयले प्रमाणित गरेको छ।

# सुजिता ठाकुर हत्या प्रकरण : १० जनालाई सफाइ, देवरलाई जन्मकैद



धर्वेन्द्रकुमार यादव 'यदुवंशी'

**जेष्ठ १० गते, बर्दिवास**

महोत्तरीको चर्चित सुजिता ठाकुर हत्या प्रकरणमा जिल्ला अदालत महोत्तरीले १३ आरोपीमध्ये १० जनालाई सफाइ दिएको छ । अदालतले मुख्य आरोपी ठहरिएका मृतकका देवर रुपेश ठाकुरलाई जन्मकैदको सजाय सुनाएको छ ।

जिल्ला अदालत महोत्तरीका सूचना अधिकारी एवं श्रेस्तेदार भरतमणि पोखरेलका अनुसार न्यायाधीश तीर्थराज केसीको इजलासले व्यक्ति बेपत्ता तथा ज्यानसम्बन्धी कसुर मुद्दामा फैसला सुनाउँदै १० जनालाई सफाइ दिएको हो ।

अदालतबाट सफाइ पाउनेमा कामेश्वर पाण्डे, अञ्जुकुमारी चौधरी, मोहम्मद अदम राइन, किशोरी मण्डल, विनोद मण्डल, नथुनी मण्डल, प्रिया ठाकुर, रामसखी देवी, पतिराम ठाकुर र भोगी महतो रहेका छन् ।


यस्तै, आरोपी उत्तम खत्वे र दुखी महतो नुनियाको हकमा मुद्दा मुल्तवी गरिएको अदालतले जनाएको छ ।

अदालतले मृतक सुजिता ठाकुरका देवर रुपेश ठाकुरलाई जन्मकैदको सजाय सुनाउँदै हकवालालाई क्षतिपूर्तिवापत ५० हजार रुपियाँ उपलब्ध गराउन तथा पीडित राहत कोषमा दुई हजार ८०० रुपियाँ जम्मा गर्न आदेश दिएको छ ।

लोहारपट्टी नगरपालिका-७ भ्रमरपूरा गाउँ निवासी मुकेश ठाकुरकी पत्नी २६ वर्षीया सुजिता ठाकुर २०७८ जेठ २० गते रातिदेखि बेपत्ता भएकी थिइन् । अनुसन्धानका क्रममा देवर रुपेश ठाकुरसहितका व्यक्तिले हत्या गरी शव लुकाएको खुलेको थियो ।

प्रहरीका अनुसार हत्या पछि शव सुरुमा घरको फ्रिजमा राखिएको, त्यसपछि गाउँ नजिकैको मनरहिया वन क्षेत्रमा गाडिएको र पछि पुनः निकालेर पेट्रोल पम्पको सेफ्टी ट्याङ्कीमा राखेको अवस्थामा प्रहरीले शव बरामद गरेको थियो ।

घटनाले त्यसबेला देशव्यापी चर्चा पाएको थियो।



गौशाला नगरपालिका, महोत्तरी

पालिकाको स्थानीयलाई अनुरोध





–जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो ।
–जन्मेको ३५ दिनभित्र आफनो स्थानीय निकायमा गई दर्ता गरौं।
–जन्म, मृत्यु, बसाइ-सराइ, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो ।
–जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् ।
–बसाइ-सराइ गर्दा व्यक्ति आफु मात्र बसाइ सरी गए व्यक्तिले परिवार नै बसाइ सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ।
–विवाहको सूचना पति र पत्नी दुबैले दिनु पर्छ।
–सम्बन्ध विच्छेदको सूचना अदालतको निर्णय सहित पति वा पत्नीले दिन सक्छन् ।
–सबैको व्यक्तिगत घटना दर्ता गरौं, गराऔं।
–सामाजिक सुरक्षा भत्ता पाईरहेका व्यक्तिले नागरिकताका साथ सम्पर्क गरी सम्बन्धित बैंक मार्फत तोकिएको समयभित्र अनिवार्य रुपमा भत्ता बुझि लिऔं।
–प्रत्येक वर्ष श्रावण १ देखि मंसिर १५ गतेभित्र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरु नयाँले निवेदन दिऔं र पुराना भत्ता खाईरहेका व्यक्तिहरुले अनिवार्य रुपमा नवीकरण गरौं।
–सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आफनो नाम भत्ता खाने लिस्टमा छ छैन प्रत्येक श्रावण महिनामा आ-आफनो वडा कार्यालयमा गई बुझौं र ढुक्क होऔं।
–महानगरपालिकाद्वारा संचालित नियमित सरसफाइ अभियानमा सहभागी बनौं।
–जथाभावी पार्किंग नगरी तोकिएको स्थानमा मात्र पार्किंग गरौं।
–गाउंपालिकाको अनुमति लिएर मात्र घर निर्माणको काम गरौं।
–महोत्तरी गाउँपालिकाद्वारा सम्पादन हुने सेवा प्रवाह र विकास व्यवस्थापन सम्बन्धी कुनै गुनासो भएमा वडा अध्यक्ष एवं पालिका प्रमुख, उपप्रमुख, अन्य विषयगत शाखा प्रमुख समक्ष राखौं।

रामगोपालपुर नगरपालिका, महोत्तरी

# बर्दिवास जनता बहुमुखी क्याम्पसमा घेराबेरा निर्माण सुरु

**खबर दर्पण समाचारदाता**

**जेष्ठ १० गते, बर्दिवास**

महोत्तरीको बर्दिवास नगर पालिका भित्र रहेको एकमात्र सामुदायिक क्याम्पस, बर्दिवास जनता बहुमुखी क्याम्पस को स्वामित्वमा रहेको जग्गा संरक्षण तथा पूर्वाधार व्यवस्थापनलाई लक्षित गर्दै क्याम्पस परिसर वरिपरि घेराबेरा (पक्की पर्खाल) निर्माण कार्य सुरु भएको छ। आइतबार एक विशेष कार्यक्रमका बीच बर्दिवास नगरपालिकाका नगर प्रमुख प्रह्लाद कुमार क्षेत्रीले पर्खाल निर्माण कार्यको शिलान्यास गरेसँगै निर्माण प्रक्रिया औपचारिक रूपमा सुरु गरिएको हो।

क्याम्पस परिसरको सुरक्षा, व्यवस्थापन तथा दीर्घकालीन भौतिक पूर्वाधार विकासलाई ध्यानमा राख्दै सुरु गरिएको उक्त पर्खाल निर्माण कार्य मधेश प्रदेश सरकारको भौतिक योजना तथा पूर्वाधार मन्त्रालयको आर्थिक सहयोगमा सञ्चालन हुन लागेको हो। आर्थिक वर्ष २०८२/८३ अन्तर्गत विनियोजित २४ लाख रुपैयाँ बजेटबाट निर्माण सुरु गरिएको पर्खाल उपभोक्ता समिति मार्फत निर्माण गरिने जनाइएको छ।

निर्माण कार्यका लागि २०८३ साल जेठ १ गते सम्झौता सम्पन्न भइसकेको छ भने २०८३ साल असार १० गतेभित्र काम सम्पन्न गर्ने लक्ष्यसहित उपभोक्ता समितिसँग सम्झौता गरिएको बताइएको छ।

क्याम्पस प्रमुख चेत बहादुर खड्का (सिताराम) का अनुसार क्याम्पसको स्वामित्वमा हाल ९ बिघा ३ कट्ठा २ धुर जग्गा रहेको छ। सोही जग्गामध्ये पहिलो चरणमा मधेश प्रदेश सरकारको भौतिक योजना तथा पूर्वाधार मन्त्रालयको बजेटमार्फत १ सय ६५ मिटर पक्की पर्खाल निर्माण गरिनेछ।

क्याम्पस परिसरको संरक्षण, अतिक्रमण रोकथाम तथा शैक्षिक वातावरणलाई थप व्यवस्थित बनाउने उद्देश्यले सुरु गरिएको घेराबेरा निर्माणले आगामी दिनमा क्याम्पसको भौतिक विकासमा थप टेवा पुग्ने अपेक्षा गरिएको छ।




## कृषिलाई व्यावसायिक बनाऔं

हामी निर्वाहमुखी कृषि प्रणालीमा आधारित छौं । यसले हाम्रो परिवारमात्रै पालिंदै आएको छ । तपाईंसंग भएको जमिनलाई राम्रो उपयोग गरी अरु धेरैको परिवारलाई पाल्नसक्ने खाद्यन्न उत्पादन गर्न सकिनेछ । त्यसका लागि हामीले हाम्रो कृषि कर्मलाई आधुनिकीकरण गरी व्यवसायिक कृषि गर्न सक्छौं । खेतीयोग्य जमिन बांझो नराखी आधुनिक र वैज्ञानिक तरिकाले कृषि गरेमा लाखौं खर्च गरेर विदेशिनु पर्दैन । यसरी विदेशिनु भन्दा स्वदेशमै व्यवसायिक कृषि र पशुपालन गरौं,व्यवसायिक कृषि उत्पादनमार्फत आर्थिक उपार्जन गरौं ।

**औरही नगरपालिका, महोत्तरी**

**मादक पदार्थ नखाएर यात्रा गर्नुहोस् !**

"सुरक्षित यात्रा गरौं - मादक पदार्थको सेवन गरेर गाडी चलाउँदा जीवनको जोखिम बढ्दछ।"

**मिथिला नगरपालिका, धनुषा**

छोरी शिक्षा समाजको उज्ज्वल भविष्यको आधार हो। शिक्षित छोरीले परिवार, समाज र देशको समृद्धिमा महत्वपूर्ण योगदान पुयाउँछिन् ।

शिक्षित छोरी आत्मनिर्भर बन्छिन्
परिवारको स्वास्थ्य र जीवनस्तर सुधार हुन्छ
रोजगारी र अवसरहरू बढ्छन्
लैङ्गिक समानता कायम हुन्छ

"छोरी पढे, देश बढे"
"छोरीलाई शिक्षा, उज्यालो भविष्यको दिशा"
"छोरी र छोरामा भेदभाव नगरी समान अवसर दिऔं"
"बालविवाह रोकौं, शिक्षा प्रोत्साहन गरौं"

अभिभावकले छोरीलाई विद्यालय पठाऔं
समाजले छोरी शिक्षालाई प्राथमिकता दिऔं
स्थानीय तहले छात्रवृत्ति र सुविधा बढाऔं
सबैले लैङ्गिक समानता कायम गरौं

छोरीलाई शिक्षित बनाउनु भनेको समग्र समाजलाई सशक्त बनाउनु हो । आज छोरीलाई शिक्षा दिऔं, भोली समृद्ध राष्ट बनाऔं ।

अनुरोधकर्ता :

**जनकपुरधाम उपमहानगरपालिका**

धनुषा , जनकपुरधाम
मधेश प्रदेश

**अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल**

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

**शुभ स्वस्तिक हस्पिटल प्रा.लि.**

मेनरोड बर्दिवास, महोत्तरी

044-550255


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,